**प्रकाशक :**

नेपाल सरकार

**कृषि विकास मन्त्रालय**

**खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन**

**तथा वातावरण महाशाखा**

**कृषि जैविक विविधता शाखा**

सिंहदरवार, काठमाडौं

फोन: ४२११९४०

Web page: www.moad.gov.np

# कृषि जैविक विविधता नीति, २०६३

## (पहिलो संशोधन) २०७१

नेपाल सरकार

**कृषि विकास मन्त्रालय**

सिंहदरवार, काठमाडौं

**२०७३**

# कृषि जैविक विविधता नीति, २०६३

## नेपाल सरकार स्वीकृत मिति २०६३/११/२१

## (पहिलो संशोधन) २०७१

## नेपाल सरकार स्वीकृत मिति २०७१ कात्तिक २८

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७३

# कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन) २०७१

**१. मूलनीतिको प्रकरण १ मा रहेको पृष्ठभूमिमा देहाए वमोजिम संसोधन तथा परिमार्जन गरिएको छ ।**

जैविक विविधताको अभिन्न अङ्गको रुपमा रहेको कृषि जैविक विविधता, खाद्य तथा पोषण सुरक्षा, जीविकोपार्जन, गरीबी निवारण, पर्यावरणीय सन्तुलन र दिगो विकासको प्रमुख आधार हो । कृषि जैविक विविधता र सम्बन्धित परम्परागत ज्ञान संरक्षण, संवर्द्धन एवं विकासमा कृषकको अहम् योगदान रहँदै आएको छ । नेपाल कृषि जैविक विविधतामा धनी भएपनि खाद्य र कृषिका लागि आवश्यक स्थानीय आनुवंशिक पदार्थ र स्रोत तथा सम्बन्धित परम्परागत ज्ञान क्रमशः लोप हुँदै गएकाले तिनको पहिचान, संरक्षण, संवर्द्धन, विकास र दिगो उपयोग गर्नु नितान्त आवश्यक छ ।

नेपालको संविधान, नियम कानुन, नेपाल जैविक विविधता रणनीति तथा राष्ट्रिय कृषि नीतिका साथै जैविक विविधता सम्बन्धी महासन्धि (Convention on Biological Diversity), जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (United Nations Framework Convention on Climate Change), खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture), पशु आनुवंशिक स्रोतका लागि विश्व कार्ययोजना तथा इन्टरलेकन घोषणापत्र (Global Plan of Action for Animal Genetic Resources and the Interlaken Declaration, 2007) जस्ता नेपाल पक्षधर अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरुलाई दृष्टिगत गरी कृषि जैविक विविधताको पहिचान, संरक्षण, संवर्द्धन, विकास र दिगो उपयोग गर्ने उद्देश्यले यो नीति लागू गरिएको छ ।

**२. मूलनीतिको प्रकरण २ मा रहेको परिभाषा खण्डमा उल्लेखित शब्दहरुको देहाए वमोजिम परिभाषा गरी केही थप शब्दहरुको परिभाषा गरिएको छ ।**

**यस नीतिको प्रयोजनका लागि-**

(क) आनुवंशिक पदार्थ (Genetic material) भन्नाले घरपालुवा तथा जंगली पशुपंक्षी, जीवजन्तु, वनस्पति, सूक्ष्म जीवाणु, विषाणु वा अन्य उत्पत्तिका वंशाणुगत गुण रहेको पूर्ण वा आंशिक भाग वा सोको क्रियात्मक एकाइ (Functional unit of heredity) लाई सम्झनु पर्दछ ।

(ख) कृषि आनुवंशिक स्रोत (Agriculture genetic resources) भन्नाले खाद्य

र कृषिका लागि वास्तविक र सम्भावित महत्वका आनुवंशिक पदार्थ सम्झनु पर्दछ । सो शब्दले मानव आनुवंशिक स्रोतलाई भने जनाउने छैन ।

(ग) स्वस्थानीय संरक्षण (In-Situ Conservation) भन्नाले आनुवंशिक स्रोतको मौलिक तथा प्राकृतिक वासस्थानमा गरिने संरक्षणलाई सम्झनु पर्दछ । कृषि आनुवंशिक स्रोतको सम्बन्धमा 'स्वस्थानीय संरक्षण'ले कृषकहरुले आफ्नै खेतीस्थल/गोठस्तरमा गर्ने कृषि जैविक विविधता संरक्षणले खेतीस्थलीय संरक्षण (On- farm Conservation) समेतलाई जनाउने छ ।

(घ) परस्थानीय संरक्षण (Ex-Situ Conservation) भन्नाले आनुवंशिक स्रोतको मौलिक एवं प्राकृतिक वासस्थान भन्दा बाहिर गरिने संरक्षणलाई सम्झनु पर्दछ ।

(ङ) कृषि जैविक विविधता भन्नाले खाद्य तथा कृषिसम्बन्धी सम्पूर्ण जीवजन्तु, वनस्पति तथा सूक्ष्म जीव/जीवाणुका प्रकार तथा तिनीहरुबीचको भिन्नता र अन्तरसम्बन्धलाई सम्झनु पर्दछ । यसले आनुवंशिक विविधता (Genetic diversity), प्रजातीय विविधता (Species diversity) र पारिस्थितिकीय प्रणालीको विविधता (Ecosystem diversity) समेतलाई जनाउँदछ । कृषि जैविक विविधताले समेटेका क्षेत्र अनुसूची १ बमोजिम हुने छ ।

(च) कृषि जैविक विविधता अभिलेख भन्नाले कृषि जैविक विविधतासँग सम्बन्धित स्थानीय समुदायको ज्ञान, सीप, खोज, सूचना तथा जानकारी, तथ्याङ्क, प्रविधि र अभ्यास सम्बन्धी अभिलेखलाई सम्झनु पर्दछ ।

(छ) बीउ भन्नाले पैतृक गुणसहित नयाँ सन्तति उत्पादन गर्नसक्ने वनस्पति, जीवजन्तु वा पशुपंक्षीको जीवित भ्रुण, बीर्य, अण्डा वा अंगसमेतलाई सम्झनु पर्दछ ।

(ज) आनुवंशिक स्रोतमाथिको पहुँच भन्नाले आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको स्वामित्ववालाबाट अन्य कसैले उपयोगका लागि सङ्कलन, प्राप्ति वा ग्रहण गर्न पाउने गरी मिलाइएको प्रबन्धलाई सम्झनु पर्दछ ।

(झ) कृषक भन्नाले आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको पहिचान, संरक्षण, संवर्द्धन, विकास र उपयोग गर्ने व्यक्ति वा तिनको समुदायलाई सम्झनु पर्दछ ।

(ञ) लाभको बाँडफाँड भन्नाले आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको पहुँच तथा उपयोगबाट सिर्जित मौद्रिक वा गैर मौद्रिक फाइदामा पहुँच दिने र लिनेबीचको सम्झौता बमोजिम हुने बाँडफाँडलाई सम्झनुपर्दछ ।

(ट) समन्यायिक वितरण भन्नाले कृषक र सम्बन्धित सरोकारवालाबीच आनुवंशिक पदार्थ वा स्रोत वा परम्परागत ज्ञानको पहुँचबाट सिर्जित लाभको निष्पक्ष र समन्यायिक बाँडफाँडलाई सम्झनु पर्दछ ।

(ठ) परम्परागत ज्ञान भन्नाले परापूर्वकालदेखि आनुवंशिक पदार्थ वा स्रोतको पहिचान, संरक्षण, संवर्द्धन, विकास र उपयोगबारे कृषकमा निहित ज्ञान, सीप, खोज, प्रविधि वा अभ्यासलाई सम्झनु पर्दछ ।

(ड) जैविक सुरक्षा (Biosafety) भन्नाले आधुनिक जैविक प्रविधिबाट विकसित अनुवंश परिवर्तित जीव (Genetically modified organism/ Living modified organism) को प्रयोग, ओसारपसार, अनुसन्धान तथा बेचविखन वा अन्य प्रविधिबाट जैविक विविधता, प्राकृतिक वातावरण तथा मानव स्वास्थ्यमा पर्ने जोखिमबाट जोगिने उपायलाई सम्झनु पर्दछ ।

(ढ) बहुपक्षीय पहुँच (Multilateral access) भन्नाले खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिले व्यवस्था गरेअनुरुप खाद्य, कृषि तथा मानव कल्याण र हितका निमित्त सदुपयोग गर्ने उद्देश्यले कृषि तथा खाद्य सुरक्षाका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा निकायले पहुँच र उपयोग गर्नसक्ने गरी मिलाइएको वानस्पतिक आनुवंशिक स्रोतको प्रबन्ध सम्झनु पर्दछ ।

(ण) राष्ट्रिय जिन बैंक भन्नाले कृषि जैविक विविधता संरक्षण तथा दिगो उपयोगका लागि नेपाल सरकारले राष्ट्रियस्तरमा स्थापना गरेको राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र सम्झनु पर्दछ ।

(त) समिति भन्नाले कृषि जैविक विविधता नीतिको कार्यान्वयनका सम्बन्धमा आवश्यक समन्वय तथा अनुगमन गर्नका लागि गठित 'राष्ट्रिय कृषि जैविक विविधता संरक्षण समिति' लाई सम्झनु पर्दछ ।

**३. मूलनीतिको प्रकरण ३ को परिकल्पनामा देहाए वमोजिमको संसोधन गरिएको छ ।**

यस नीतिले कृषि जैविक विविधता तथा कृषकको परम्परागत ज्ञानको संरक्षण, संवर्द्धन, विकास र उपयोग गरी जलवायु अनुकूलन तथा पर्यावरणीय सन्तुलनका माध्यमबाट जैविक विविधताको ह्रासलाई न्यूनीकरण गर्दै समग्र कृषिको दिगो विकास गरी जीविकोपार्जन सुरक्षा, गरिबी निवारण र वर्तमान तथा भावी पुस्ताको खाद्य तथा पोषण सुरक्षा प्रत्याभूति गर्ने परिकल्पना गरेको छ ।

**४. मूलनीतिको प्रकरण ४ मा रहेको उद्देश्यमा देहाए वमोजिमको संसोधन गरिएको छ ।**

४.१ कृषि जैविक विविधता तथा परम्परागत ज्ञानको पहिचान, संरक्षण, संवर्द्धन, विकास र दिगो उपयोग गर्ने ।

४.२ कृषि आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानमा कृषक अधिकारको

संरक्षण गर्ने ।

४.३ कृषि आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानमा पहुँच र सोबाट सिर्जित लाभको बाँडफाँड एवं निष्पक्ष र समन्यायिक वितरण गर्ने ।

४.४ कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गरी पर्यावरणीय सन्तुलन अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणमा योगदान पुऱ्याउने ।

## ५. मूलनीतिको प्रकरण ५ मा रहेको नीतिमा देहाए वमोजिम संसोधन र थप गरीपरिमार्जन गरिएको छ ।

५.१ कृषि जैविक विविधता तथा परम्परागत ज्ञानको पहिचान, संरक्षण, संवर्द्धन, विकास र दिगो उपयोगको लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिने छन् ।

५.१.१ स्वस्थानीय संरक्षण तथा संवर्द्धन

५.१.१.१ स्वस्थानीय अवस्थामा रहेका आनुवंशिक पदार्थ र स्रोतको सर्वेक्षण, सङ्कलन र मूल्याङ्कन गरी तिनीहरुको जोखिम विश्लेषण र सम्भावित उपयोगको आधारमा स्वस्थानमा संरक्षण गरिने छ ।

५.१.१.२ खाद्य, कृषि तथा पशुपंक्षी र तिनका पर्यावरणीय सेवामा सहयोग गर्ने जंगली प्रजातिको प्राकृतिक वासस्थानसहित स्वस्थानीय संरक्षण गरी दिगो उपयोग गर्न सम्वन्धित सरोकारवाला निकायहरुसँग सहकार्य गरिने छ ।

५.१.१.३ कृषि जैविक विविधता प्रचुर रहेका स्थलहरु (Agricultural biodiversity hotspots) को पहिचान र संरक्षण गरिने छ । त्यस्ता स्थलहरुमा कृषकको सहभागितामा कृषि जैविक विविधता संरक्षण क्षेत्रको विकास गरिने छ ।

५.१.१.४ कृषि जैविक विविधता संरक्षणका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्न कृषि तथा पशु विकास प्रसार सेवा, अनुसन्धान तथा शिक्षाका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायहरुबीच समन्वय स्थापित गरिने छ । साथै नेपालको जैविक विविधता रणनीतिमा उल्लेखित कृषि जैविक विविधतासम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

५.१.१.५ कृषि जैविक विविधताको संरक्षण र सदुपयोग गर्न कृषि, वन र वातावरण क्षेत्र बीचको सहकार्यलाई विस्तार र संस्थागत गरी प्रभावकारी बनाइनेछ ।

५.१.१.६ भू-परिधि क्षेत्र (Landscape) तथा पारिस्थितिकीय प्रणाली (Ecosystem) स्तरमा सञ्चालन गरिने जैविक विविधता संरक्षणका कार्यक्रमहरुमा कृषि जैविक विविधताको संरक्षण र संवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

५.१.१.७ स्थानीय र राष्ट्रियस्तरमा कृषि जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण गरी पञ्जीकरणको व्यवस्था गरिने छ।

५.१.१.८ खाद्य र कृषिका लागि आवश्यक आनुवंशिक पदार्थ र स्रोतहरुमा पहुँच र तिनको उपयोग बढाउनका लागि राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र मार्फत अन्तर्राष्ट्रिय जिन बैंकहरुमा रहेका आनुवंशिक पदार्थ र स्रोतमा पहुँच पुऱ्याइने छ।

५.१.१.९ अन्तर्राष्ट्रियस्तरमा संरक्षित नेपालका आनुवंशिक पदार्थ र स्रोतहरुको स्वस्थानीय संरक्षण, पुनर्स्थापना (Restoration), अनुसन्धान र विकास कार्यहरुको प्रवर्द्धनका लागि राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र, सिमेन बैंक, सामुदायिक बीउ बैंक, कृषि, बागवानी तथा पशु फार्म र अन्य अनुसन्धानका निकायहरुसँग सहकार्य गरिने छ।

५.१.१.१० समुदायमा आधारित जैविक विविधता व्यवस्थापन पद्धतिलाई प्रवर्द्धन गर्न सामुदायिक जैविक विविधता अभिलेखीकरण, जैविक विविधता मेला, सामुदायिक बीउ बैंक, फिल्ड जिन बैंक, सिमेन बैंक र जैविक विविधता व्यवस्थापन कोषजस्ता कार्यक्रमहरु सञ्चालन र विस्तार गरिने छ।

५.१.१.११ कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न कृषकहरु पहिचान गरी अभिलेखीकरण गर्ने र तिनलाई कृषि जैविक विविधता संरक्षण, संवर्द्धन र उपयोगका लागि प्रोत्साहित गरिने छ।

५.१.२ परस्थानीय संरक्षण तथा संवर्द्धन

५.१.२.१ आनुवंशिक पदार्थ र स्रोतहरुको परस्थानीय संरक्षणका लागि खोजी (Exploration), पहिचान (Identification), अभिलेखीकरण (Documentation), चरित्र-चित्रण (Characterization), पुनरोत्पादन (Regeneration), मूल्यांकन (Evaluation) र नक्शांकन (Mapping) गरिने छ।

५.१.२.२ पशुपंक्षी आनुवंशिक स्रोत संरक्षणसहितको राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रको संस्थागत सुदृढीकरण र सञ्जाल विस्तारका लागि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्राविधिक तथा आर्थिक सहयोग जुटाइने छ।

५.१.२.३ कृषि आनुवंशिक पदार्थ र स्रोतहरु राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रमा संरक्षण गर्ने व्यवस्था मिलाइने छ।

५.१.२.४ खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको बहुपक्षीय प्रणालीमा आबद्ध हुने व्यवस्था गरिने छ।

५.१.२.५ जोखिममा रहेका खाद्य र कृषिसम्बन्धी वनस्पति, पशुपंक्षी तथा अन्य उपयोगी प्रजातिहरुको प्राथमिकताकासाथ संरक्षण, उपयोग र पुनर्स्थापना गरिने छ।

५.१.२.६ कृषि आनुवंशिक पदार्थ र स्रोतहरुको परस्थानीय संरक्षणका लागि सर्वेक्षण, अध्ययन/अनुसन्धान, लगानी तथा प्रविधि विकास गरी हस्तान्तरणमा जोड दिइने छ।

५.१.२.७ परस्थानीय र स्वस्थानीय संरक्षण कार्यक्रमहरुलाई प्रभावकारी बनाउन राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र र सिमेन बैंक, सामुदायिक बीउ बैंकजस्ता स्थानीय कार्यक्रमहरुबीच समन्वय र सहकार्य बढाइने छ।

५.१.३ दिगो उपयोग

५.१.३.१ कृषि जैविक विविधताको दिगो उपयोगका लागि एकीकृत खेती प्रणाली (Integrated farming system) मा आधारित प्राङ्गारिक खेती, पशुपालन, घर-बगैँचा (Home garden), कृषि-वन (Agro-forestry), जैविक ग्राम (Bio-village), शहरी वन, कृषि पर्यापर्यटन (Agro-ecotourism) जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ।

५.१.३.२ पर्यावरणीय कृषि उत्पादन सामग्री जस्तै- गड्यौला मल (Vermicompost), जैविक मल, जैविक विषादी, परागसेचन सेवा (Pollination services) को प्रयोगमा टेवा र सचेतनात्मक तालिमका माध्यमवाट स्रोतहरुको प्रभावकारिता बढाइने छ।

५.१.३.३ कृषकको परम्परागत बीउबिजन उत्पादन र वितरण प्रणालीलाई संरक्षण गरी सुदृढ गरिने छ।

५.१.३.४ कृषि जैविक विविधता संरक्षण र संवर्द्धनमा योगदान पुग्ने पर्यावरण मैत्री कृषि उत्पादन र उद्योग/व्यवसायहरुलाई प्रोत्साहित गरिने छ।

५.१.३.५ बाली प्रजनन, पशुपंक्षी नश्ल सुधार, जलाशय तथा जलाधार व्यवस्थापन कार्यक्रममा स्थानीय आनुवंशिक स्रोत, परम्परागत तथा आधुनिक ज्ञानको उपयोगलाई प्रोत्साहन दिइने छ। सो क्रममा कृषकको सहभागितालाई विशेष महत्व र प्रोत्साहन दिइने छ।

५.१.३.६ कृषि जैविक विविधताको दिगो उपयोगका लागि सरकारी, कृषक समुदाय (महिला, आदिबासी, जनजाती र उपेक्षित बर्ग) तथा निजी क्षेत्रको सहकार्य एवं साझेदारीमा उत्पादन वृद्धि, रोजगारी एवं आयमूलक कार्यक्रम सञ्चालन गरिने छ।

५.१.३.७ उपेक्षित (Neglected) तथा न्यून उपयोगमा रहेका (Underutilized)

प्रजातिहरुको संरक्षण, संवर्द्धन, विकास र उपयोगलाई विशेष प्राथमिकता दिइने छ । साथै सरकारी क्षेत्रबाट सञ्चालित अनुसन्धान र प्रसार कार्यक्रमहरुमा उक्त प्रजातिहरुको दिगो उपयोगका लागि व्यवस्थापन, प्रजनन एवं गुणस्तर तथा मूल्य अभिवृद्धि (Value addition) गरी वजारीकरण प्रवर्द्धनका कार्यक्रमहरु समावेश गरिने छ ।

५.१.३.८ कृषि जैविक विविधताको महत्व, संरक्षण, संवर्द्धन, विकास र दिगो उपयोगसम्बन्धी औपचारिक तथा अनौपचारिक माध्यमबाट शिक्षा दिने तथा जनचेतना अभिवृद्धि गर्ने व्यवस्था मिलाइने छ । साथै संलग्न जनशक्तिको क्षमता अभिवृद्धिमा जोड दिइने छ ।

५.२ आनुवंशिक पदार्थ र स्रोत तथा परम्परागत ज्ञानमा कृषक अधिकारको संरक्षणका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिने छन् ।

५.२.१ कृषकको परम्परागत ज्ञानको खोज, प्रवर्द्धन र उपयोगका लागि महिला, आदिबासी, जनजाती र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

५.२.२ कृषि जैविक विविधताको पहिचान, संरक्षण, सम्बर्द्धन र उपयोगका लागि गठित/सञ्चालित कृषक समूह/समितिहरुलाई दर्ता गरी कानूनी मान्यता दिने व्यवस्था गरिने छ ।

५.२.३ कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगमा उल्लेखनीय योगदान पुऱ्याउने कृषक, वैज्ञानिक, प्राविधिक, सरोकारवाला, समुदाय र संस्थालाई पुरस्कृत गरिने छ ।

५.२.४ कृषकले विकास गरेका र संरक्षण एवं उपयोग गर्दै आएका वनस्पति, पशुपंक्षी र अन्य प्राणीका जात एवं प्रविधि उपयोग गरी उत्पादन र बिक्रीवितरण गर्न पाउने अधिकारमा कुनै हस्तक्षेप हुन नदिने व्यवस्था गरिने छ । बीउबिजनको जगेर्ना, साटासाट र पुनप्रयोग र उत्पादन गरी जोगाएको बीउबीजन (Farmer saved seed) बिक्रीवितरण गर्न पाउने कृषक अधिकारमा बाधा पर्ने गरी कुनै कानुन बनाइने छैन ।

५.२.५ कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगसम्बन्धी स्थानीय र राष्ट्रिय स्तरमा हुने निर्णय प्रक्रियामा कृषक तथा स्थानीय समुदायको सहभागिता सुनिश्चत गर्ने व्यवस्था मिलाइने छ ।

५.२.६ कृषि जैविक विविधताको स्थानीय तहदेखि नै संरक्षण तथा संवर्द्धन र विकासको सुनिश्चितताकोलागि स्थानीय योजना तर्जुमा प्रकृयामा कृषि जैविक विविधता

मूल प्रवाहीकरण गर्नु पर्ने र स्थानीय निकायवाट हुनसक्ने कामका लागि सोही निकायलाई जिम्मेवारी वनाईने छ ।

५.२.७ आनुवंशिक पदार्थ र स्रोतको चोरी (Biopiracy) वा बीउबिजनको गैरकानुनी बिक्री बितरण र प्रयोग वा परम्परागत ज्ञानको दुरुपयोगका कारण कृषकलाई कुनै हानी नोक्सानी भएमा पीडकबाट क्षतिपूर्ति भराइदिने व्यवस्था मिलाइनेछ ।

५.३ कृषि आनुवंशिक पदार्थ र स्रोत तथा सम्बन्धित परम्परागत ज्ञानमा पहुँच र सोबाट सिर्जित लाभको बाँडफाँड एवं निष्पक्ष र समन्यायिक वितरणका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिने छन् ।

५.३.१ कृषि आनुवंशिक पदार्थ र स्रोत एवं परम्परागत ज्ञानमाथिको पहुँचबाट सिर्जित लाभको बाँडफाँडमा कृषकको हिस्सा सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।

५.३.२ वानस्पतिक आनुवंशिक पदार्थ र स्रोतलाई सूचीकृत गरी खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतको बहुपक्षीय पद्धतिको कार्यान्वयन, समन्वय, सञ्चालन गर्ने र यसबाट अधिकतम लाभ लिने व्यवस्था मिलाइने छ । सोका लागि कानुनी व्यवस्था गरी राष्ट्रियस्तरमा सक्षम निकायको व्यवस्था गरिने छ र सो निकायलाई अधिकार र स्रोत सम्पन्न बनाइने छ । त्यसो गर्दा अन्य सन्धि तथा महासन्धिका प्रावधान अन्य नियमकानुन बमोजिम हुने गरी उक्त सन्धि कार्यान्वयनका लागि अत्यावश्यकीय व्यवस्था गरिने छ र संस्थागत संरचना एवं राष्ट्रिय सक्षम अधिकारी वा निकाय तोक्दा सम्बन्धित क्षेत्रमा कार्यरत संस्थामध्ये उपयुक्त संस्थाको क्षमता अभिवृद्धि गरी जिम्मेवारी तोक्ने व्यवस्था मिलाइने छ ।

५.३.३ खाद्य र कृषिका लागि वानस्पतिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिले समेटेका विविध पक्षको नियमन गर्न एकद्वार प्रणाली अवलम्बन गरिने छ ।

५.३.४ पशु आनुवंशिक पदार्थ र स्रोतलाई सूचीकृत गरी पशु आनुवंशिक स्रोतका लागि विश्व कार्ययोजना तथा इन्टरलेकन घोषणापत्र अन्तर्गतको बहुपक्षीय पद्धतिबाट अधिकतम लाभ लिन आवश्यक व्यवस्था गरिने छ ।

५.३.५ आनुवंशिक पदार्थ र स्रोत एवं परम्परागत ज्ञानको पहुँचका लागि लिनेदिने दुवै पक्षलाई परस्परमा मान्य हुने सर्त तथा पूर्व सूचित सहमति र लाभको बाँडफाँडसम्बन्धी कानुनी व्यवस्था गर्न सम्वन्धित निकायसँग सहकार्य गरिने छ ।

५.३.६ बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी नीति तथा कानुनहरुबाट कृषकको अधिकारमाथि प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाइने छ ।

५.४ कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन, विकास र उपयोग गरी पर्यावरणीय सन्तुलन अभिवृद्धि तथा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणमा योगदान पुऱ्याउनका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिने छन् ।

५.४.१ विकास आयोजना सञ्चालनका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा कृषि जैविक विविधता संरक्षण तथा जलवायुमैत्री विकासलाई विशेष महत्व दिइने छ ।

५.४.२ अनुवंश परिवर्तित जीवको आयात, अध्ययन, अनुसन्धान विकास र उपयोग गर्दा जैविक सुरक्षाका उपाय सम्वन्धि कार्यविधि वनाई अवलम्बन गर्ने व्यवस्था गरिनेछ । वर्ण-नपुंशक प्रविधि (Terminator technology) प्रयोग भएको वीउलाई पूर्ण निषेध गरिने छ ।

५.४.३ जलवायु परिवर्तनको असर सहन सक्ने आनुवंशिक पदार्थ र स्रोतहरुको पहिचान, अभिलेखीकरण, अध्ययन अनुसन्धान, मूल्यांकन र नक्शांकन गरी अनुकूलन क्षमता भएका जात र नश्लको विकास र प्रवर्द्धन गरिने छ ।

५.४.४ कृषि उत्पादन प्रणालीसँग आबद्ध पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि परागसेचक एवं अन्य सेवा प्रदान गर्ने जीव, पारिस्थितिकीय प्रणाली र पर्यावरणको अध्ययन, अनुसन्धान, अनुगमन र संरक्षण गरिने छ । साथै कृषि उत्पादन सामाग्रीहरु प्रयोग गर्दा परागसेचक (Pollinators), प्राकृतिक परभक्षी तथा परजीवी (Natural predators and parasites), माटोका लाभदायक सूक्ष्मजीवहरु (Soil biota) मैत्री प्रक्रिया अवलम्बन गरिने छ ।

५.४.५ परागसेचक तथा अन्य सेवा प्रदान गर्ने जीवहरु र तिनको प्राकृतिक वासस्थान संरक्षणका दृष्टिले सुरक्षित विषादीको प्रयोग, एकीकृत तथा पर्यावरणीय शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक खेती प्रवर्द्धनमा जोड दिइने छ ।

५.४.६ बढ्दो जनसंख्या, वन विनाश, शहरीकरण र भू-क्षयबाट आनुवंशिक स्रोत र तिनको प्राकृतिक वासस्थान ह्रास/लोप हुन लागेको अवस्थामा वैज्ञानिक भू-व्यवस्थापन प्रविधिहरु प्रवर्द्धनका साथै, भू-क्षय रोकथाम, वन एवं बासस्थान संरक्षण गरिने छ । यसका लागि सरोकारवाला निकायहरुसंग आवश्यक सहकार्य गरिने छ ।

५.४.७ कृषि जैविक विविधतालाई प्रतिकूल प्रभाव पार्ने मिचाहा प्रकृतिका प्रजाति (Invasive species)हरु पहिचान र नियन्त्रण गर्न सरोकारवाला निकायको सहयोगमा नियन्त्रण सम्वन्धि कार्यविधि वनाई आवश्यक उपाय अवलम्बन गरिने छ ।

६. **मूलनीतिको प्रकरण ६ मा रहेको कार्यान्वयन तथा अनुगमनमा देहाए वमोजिम संसोधन सहित मूलनीतिको अनुसूची २ लाई समावेश गरी परिमार्जन गरिएको छ ।**

## कार्यान्वयन, समन्वय तथा अनुगमन

६.१ स्थानीय तहदेखि केन्द्रीय तहसम्मको कृषि जैविक विविधतासम्बन्धी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा सम्बन्धित तहमा सरोकारवालाहरुको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक पद्धतिलाई बढावा दिइने छ ।

६.२ उक्त बमोजिमको नीतिको कार्यान्वयन, समन्वय र अनुगमनका लागि राष्ट्रियस्तरमा राष्ट्रिय कृषि जैविक विविधता संरक्षण समिति रहने छ । समितिको गठन देहाय बमोजिम हुने छ :

| | |
|---|---|
| सचिव, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| सह-सचिव (कृषि), राष्ट्रिय योजना आयोग | सदस्य |
| सह-सचिव, (वातावरण), वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| सह-सचिव, (वातावरण), विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| सह-सचिव, (वातावरण), उद्योग मन्त्रालय | सदस्य |
| सह-सचिव, (वातावरण), संघीय मामला तथा स्थानिय विकास मन्त्रालय | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| महानिर्देशक, कृषि विभाग | सदस्य |
| महानिर्देशक, पशु सेवा विभाग | सदस्य |
| महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| महानिर्देशक, वनस्पतिक विभाग, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| महानिर्देशक, वातावरण विभाग, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| प्रमुख, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र | सदस्य |
| विज्ञ प्रतिनिधि, कृषि तथा वन विश्वविद्यालय | सदस्य |
| विज्ञ प्रतिनिधि, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, त्रिभूवन विश्वविद्यालय | सदस्य |
| सदस्य-सचिव, राष्ट्रिय बीउबिजन समिति | सदस्य |
| प्रतिनिधि, कृषि जैविक विविधता संरक्षणमा संलग्न गैरसरकारी संस्था * | सदस्य |

* *मनोनयन समितिबाट गरिने ।*

प्रतिनिधि, कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक संस्था
(महिला १/पुरुष १) सदस्य
सह-सचिव, खाद्य सुरक्षा तथा वातावरण महाशाखा,* कृषि विकास मन्त्रालय सदस्य-सचिव
*सरोकारवाला व्यक्ति वा संस्थाका प्रतिनिधिहरुलाई आवश्यकता अनुसार समितिको बैठकमा आमन्त्रित गर्न सकिने छ ।*

६.३ उक्त समितिले राष्ट्रिय जैविक विविधता समन्वय समिति लगायत सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्नेछ । कृषि जैविक विविधता कार्यक्रम सञ्चालन तथा समन्वयका लागि नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग, पशु सेवा विभागमा सम्पर्क एकाइहरु तोकिने छ ।

६.४ समितिको कार्य सञ्चालन तथा बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

६.५ राष्ट्रिय कृषि जैविक विविधता संरक्षण समितिलाई आवश्यक प्राविधिक सहयोग गर्न तपसिल बमोजिमको कृषि जैविक विविधता प्राविधिक सल्लाहकार उपसमिति गठन हुने छ :

| | |
|---|---|
| सह-सचिव, खाद्य सुरक्षा तथा वातावरण महाशाखा,* कृषि विकास मन्त्रालय | अध्यक्ष |
| प्रमुख, कृषि जैविक विविधता शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| प्रमुख, जैविक विविधता शाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| कृषि जैविक विविधता सम्पर्क निकाय, कृषि विभाग | सदस्य |
| प्रमुख, कृषि जैविक विविधता सम्पर्क निकाय, पशुसेवा विभाग | सदस्य |
| विशेषज्ञताका आधारमा मनोनित व्यक्तिहरु (३ जना)* | सदस्य |
| प्रमुख, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र | सदस्य-सचिव |

## ७. मूलनीतिमा प्रकरण ७ थप गरिएको छ ।

७.१ यो नीतिको कार्यान्वयन तथा अनुगमनकालागि आवश्यक ऐन, नियम तथा निर्देशिका/कार्यविधि बनाइने छ र आवश्यक संस्थागत व्यवस्था गरिने छ ।

७.२ अनुसूची २ खारेज गरिएको छ ।

---

** हाल: खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखा*

** हाल: खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखा*

** मनोनित सदस्यहरुको कार्यावधि मनोनयन भएको मितिबाट २ वर्ष रहने छ ।*

**कृषि जैविक विविधताको कार्य क्षेत्र (प्रकरण २ को खण्ड ङ सँग सम्बन्धित)* अनुसूची - १ सम्वन्धमा देहाए वमोजिम संसोधन तथा परिमार्जन गरिएको छ ।**

**(क) कृषिजन्य आनुवंशिक स्रोतहरु**

- वनस्पतिजन्य आनुवंशिक स्रोतहरु (घाँसेवाली र चरनका प्रजाति एवं खेती प्रणालीको अभिन्न अंगको रुपमा रहेका रुखका आनुवंशिक स्रोतहरु समेत)
- पशुपंक्षिजन्य आनुवंशिक स्रोतहरु
- मत्स्य आनुवंशिक स्रोतहरु
- कीट आनुवंशिक स्रोतहरु
- सुक्ष्म जैविक आनुवंशिक स्रोतहरु
- खेती गरिने र घरपालुवा प्रजातिसँग सम्बन्धित जंगली प्रजातिहरु

**(ख) कृषि उत्पादन प्रणालीसंग आबद्ध पर्यावरणीय सेवा र यस्ता सेवा प्रदान गर्ने जीवहरु**

- पोषक तत्व चक्र (Nutrient cycle)
- जैविक वस्तुहरुको कुहाइ
- माटोको उर्वराशक्ति
- कीरा र रोगको प्राकृतिक नियमन (Pest and disease regulation)
- पराग सेचन
- स्थानीय वन्य जीवजन्तु र तिनको वासस्थान संरक्षण तथा संवर्द्धन
- जलचक्र व्यवस्थापन
- प्रांगार स्थिरिकरण
- भू-क्षय नियन्त्रण
- मौसम तथा जलवायुको प्राकृतिक नियमन (Climate regulation)
- अन्य

**(ग) कृषि जैविक विविधतामा निश्चित प्रभाव पार्ने अजैविक पक्षहरु**

**(घ) सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरु**

- कृषि जैविक विविधताका परम्परागत र स्थानीय ज्ञान, सांस्कृतिक पक्षहरू र सहभागिताका प्रक्रियाहरू ।
- कृषि भू-परिधिसँग सम्बन्धित पर्यटन र अन्य सामाजिक-आर्थिक पक्षहरू ।

---

* *CBD, 1992 को Conference of the Parties को निर्णय नं. V/5 को आधारमा*

# Agro Biodiversity Policy, 2007
# (First Amendment) 2014

Government of Nepal
Ministry of Agricultural Development
Sinhadarbar, Kathmandu
2016

## Agro Biodiversity Policy, 2007 (First Amendment) 2014

**1. The following amendment and revision is made on the Background of Original Policy contained in Clause 1.**

Agro biodiversity is an integral part of biodiversity and the basis of agro and nutritional security, livelihood, poverty alleviation, ecosystem balance and sustainable development. Farmers are playing major role to conserve, preserve and develop Agro biodiversity and associated traditional knowledge. Despite Nepal, being richness in Agro biodiversity, In-Situ genetic material and resources and associated traditional knowledge require for food and agriculture are decline gradually, therefore it is utmost need to identify, preserve, conserve, develop and sustainable use of it.

In order to identify, preserve, conserve, develop and sustainable use of agro biodiversity, this Agro Biodiversity Policy is formulated keeping in mind, the Constitution of Nepal, law and rules, strategic plan of biodiversity of Nepal and National Agriculture Policy as well as the International conventions and agreements in which Nepal is party such as Convention on Biological Diversity, United Nations Framework Convention on Climate Change, International Treaty on Plant Genetic Resources for Food and Agriculture, Global Plan of Action for Animal Genetic Resources and the Interlaken Declaration, 2007.

**2. The following words which have been contained on Clause 2 on chapter of definition of the original policy with some additional words are defined as follows.**

**In the context of this Policy:**

(a) "Genetic Material" denotes full or partial part of functional units of heredity; consisting genetic characters of domestic or wild animals, plants, microbial organisms, viruses or other origin.

(b) "Agriculture Genetic Resources" denotes any genetic material of actual or potential value for food and agriculture. However the term does not include human genetic resources.

(c) “In-Situ conservation” denotes the conservation of genetic resources made in its original ecosystems and natural habitats. In the context of Agriculture Genetic Resources, In-Situ Conservation also includes the On-farm Conservation of agro-biodiversity by the farmers.

(d) "Ex-Situ Conservation" denotes the conservation of genetic resources maintained outside their natural habitat.

(e) “Agro Biodiversity” denotes all types of living organism as well as their differences and inter-relationship of the animals, plants, microbial organisms relating to food and agriculture. It also includes genetic diversity, species diversity and ecosystem diversity. The area covered by Agro Biodiversity shall be included in Schedule-1.

(f) “Documentation of Agro Biodiversity” denotes the records in regards to agro biodiversity related knowledge, skill, quest, notice, information, data, technology and experiences of local community.

(g) "Seeds" denotes a living embryo, semen, eggs or organ of plants and animals capable of reproducing new progeny with parental character.

(h) "Access to Genetic Resources" denotes the arrangement made to collect, acquire or receive Genetic materials, resources or traditional knowledge from the owner for the use of others.

(i) "Farmer" denotes the person or such persons’ community, who identify, conserves, preserves, develops or uses the genetic material, resources or traditional knowledge.

(j) "Benefit Sharing" denotes sharing monetary or non-monetary benefit acquired by accessing and using the genetic material, resources or traditional knowledge as per the agreement between provider and receiver.

(k) "Equitable Distribution" denotes fair and equitable distribution of acquired benefit from the access of genetic material, resources or traditional knowledge between farmers and stakeholders.

(l) "Traditional Knowledge" denotes knowledge, skill, search, technology or practices possessed by farmers from generation to generation to identify, manage, conserve, develop or use of genetic material or resources.

(m) "Biosafety" denotes the prevention measures to avoid the risk in biodiversity, natural ecosystem and human health by use, transport, research and trade or any other technology in use of genetically modified organism/living modified organism developed by the modern bio-technology.

(n) "Multilateral access" denotes an arrangement made as provisioned by International Treaty on Plant Genetic Resources for Food and Agriculture to access and use the plant genetic resources for food and agriculture by the national and international organizations working in the area of agriculture and food security for the welfare of human being.

(o) "National Genebank" denotes the National Agriculture Genetic Resources Centre established in national level by the government of Nepal to conserve and sustainable use of agro biodiversity.

(p) "Committee" denotes a National Agriculture Biodiversity Conservation Committee formed to make required coordination and monitoring while executing the Agro Biodiversity Policy.

**3. The following amendment is made in Original Policy contained in the vision of Clause 3.**

This policy envisions to guarantee the livelihood security, poverty alleviation, and nutritional security of present and future generation with the minimized loss of agro biodiversity and sustained agricultural development by the conservation, management and use of agro biodiversity and traditional knowledge of farmers through climate resilience and ecosystem balance.

**4. The following amendment is made in the objectives of Original Policy contained in Clause 4.**

4.1 To identify, conserve, maintain, develop and sustainable use of Agro biodiversity and Traditional knowledge.

4.2 To establish farmers’ rights in agriculture genetic materials/ resources and traditional knowledge.

4.3 To carryout fair and equitable distribution of agriculture genetic

materials/resources and traditional knowledge as well as the benefit acquired from the access of it.

4.4 To manage, conserve and sustainable use of Agro biodiversity and Traditional knowledge to balance the ecosystem attuned with climate resilience and reduce the impacts of climate change.

**5. The following amendment and addition and consolidation is made of Original Policy contain in Clause 5.**

5.1 The following polices shall be perused to identify, conserve, manage, develop and sustainable use of Agro biodiversity and Traditional knowledge.

5.1.1 In-Situ conservation and maintenance

5.1.1.1 In-Situ conservation shall be done based on potential use as well as risk analysis through survey, collection and evaluation of genetic materials/resources existed in In-Situ surroundings.

5.1.1.2 Cooperation with concerned agencies shall be made to conserve and sustainable use of food, agriculture, and birds as well as natural habitats of their wild relatives which assist and contribute the ecosystem services.

5.1.1.3 Agricultural biodiversity hotspots shall be identified and conserved. Agro Biodiversity conservation areas shall be developed in such spots with the participation of farmers.

5.1.1.4 In order to implement agro biodiversity conservation programs with high priority, coordination shall be established between the governmental, nongovernmental and private institutions working in the area of agriculture and livestock development extension service, research and education.

5.1.1.5 Effective cooperation shall be extended and institutionalized between agriculture, forestry and environment sectors to conserve and utilize agriculture biodiversity.

5.1.1.6 Priority shall be given to conserve and maintain agriculture biodiversity in biodiversity conservation programs conducted at the landscape and ecosystem level.

5.1.1.7 Documentation and registration of Agro Biodiversity and traditional knowledge shall be made at local and national level.

5.1.1.8 To foster the access and use of genetic material/resources for food and agriculture, genetic resources held at International Genebanks shall be accessed through the National Agriculture Genetic Resources Centre.

5.1.1.9 Cooperation shall be done with National Agriculture Genetic Resources Centre, semen bank, community seed bank, agronomy/horticulture/livestock farms and other research institutions to promote In-Situ conservation, restoration, research, and development of Nepalese genetic resources conserved at international level.

5.1.1.10 To promote community based biodiversity management system, different programs such as community biodiversity documentation, biodiversity fair, community seed bank, field genebank, semen bank and biodiversity management fund shall be conducted and promoted.

5.1.1.11 Custodian farmers shall be identified, documented and encouraged to conserve and use of agricultural biodiversity.

5.1.2 Ex-Situ Conservation and preservation

5.1.2.1 Exploration, identification, documentation, characterization, regeneration, evaluation and mapping shall be carried out for the Ex-Situ conservation of genetic resources.

5.1.2.2 Technical and financial assistance shall be arranged for institutional strengthen and expansion of network in national and international level to National Agriculture Genetic Resources Centre including the conservation of animal genetic resources.

5.1.2.3 Arrangement shall be made to conserve agriculture genetic resources in National Agriculture Genetic Resources Centre.

5.1.2.4 Arrangement shall be made to be associated with the Multilateral System of Access and Benefit Sharing under the International Treaty on Plant Genetic Resources for Food and Agriculture.

5.1.2.5 Priority shall be given to conserve, use and restore the endangered plants, animals and other useful species of food and agriculture.

5.1.2.6 Emphasis shall be given for surveying, study/research, investment, technology development and transfer for Ex-Situ

conservation of agriculture genetic resources.

5.1.2.7 Cooperation and coordination work shall be expanded among National Agriculture Genetic Resources Centre, semen bank and community seed bank for effective Ex-Situ and In-Situ conservation programs.

5.1.3 Sustainable Use

5.1.3.1 Priority shall be given to the programs such as organic based integrated farming system, home garden, agro forestry, bio-village, urban forestry and agro-ecotourism to enhance sustainable use of agro biodiversity.

5.1.3.2 Effectiveness of resources shall be increased by emphasizing the use of ecological agriculture production inputs such as vermicompost, biofertilizers, biopesticides and pollination services as well as through awareness training.

5.1.3.3 Farmers' traditional seed production and distribution system shall be conserved and strengthened.

5.1.3.4 Eco-friendly agriculture production and industry/business contributing to Agro biodiversity conservation and promotion shall be encouraged.

5.1.3.5 The use of local genetic resources, traditional and modern knowledge shall be promoted in crops and livestock breeding, reservoir and watershed management programs etc. Farmers' participation shall be encouraged and given special importance in such programs.

5.1.3.6 For the sustainable use of agro biodiversity, production growth, employment and income generating programs shall be conducted in cooperation and in partnership with public, farmers' community (women, indigenous, ethnic and disadvantaged group) and private sector.

5.1.3.7 Special priority shall be given for conservation, development and use of the neglected and underutilized species. Management, breeding, quality enhancement, value addition and market promotion activities of such species shall be included in the research and dissemination programs conducted by the public sector.

5.1.3.8 Arrangement shall be made for raising the awareness on the importance, significance of agriculture biodiversity, its

conservation, promotion, development and sustainable use through formal and informal education and awareness. Emphasis will be given to increase the capacity of the manpower involved.

5.2 The following polices shall be adopted to protect the farmers' rights on protecting the genetic material and resources as well as traditional knowledge.

5.2.1 The necessary programs shall be conducted for protection, promotion and use of farmers' traditional knowledge including women, indigenous community, ethnic people and marginalized groups.

5.2.2 Farmer groups/committees shall be registered and legally recognized for identification, conservation, promotion and use of agriculture biodiversity.

5.2.3 The farmers, scientists, technicians, concerned persons and institutions who render outstanding contribution in conservation and sustainable use of agriculture biodiversity shall be rewarded.

5.2.4 Farmers' right in the production, selling and distribution of farmer developed varieties/breeds of plants, livestock and other living things shall not be hampered. Also no intervention shall be made against farmers' rights of producing, storing, exchange, sale and re-use of farm-saved seeds.

5.2.5 The farmers' participation in local and national decision making process on matters related to the conservation and sustainable use of agricultural biodiversity shall be ensured.

5.2.6 To ensure mainstreaming, conservation, promotion and development of agriculture biodiversity in local level planning process, responsibility shall be given to local bodies.

5.2.7 In case of losses to farmers from the biopiracy of genetic materials/resources or illegal transaction of seeds or traditional knowledge, provisions shall be made to compensate from the perpetrators.

5.3 The following policies shall be adopted for the access to agricultural genetic material and resources and traditional knowledge and to share the benefits arising from the utilization of those resources in a fair and equitable way.

5.3.1 The farmers' share shall be ensured in the sharing of benefits arising from access to agricultural genetic material and resources and traditional knowledge.

5.3.2 The provision shall be made for the implementation, coordination and management of the multilateral system of access and benefit sharing under the International Treaty on Plant and Genetic Resources for Food and Agriculture and take the maximum advantage of it. For this, a competent authority shall be established at national level and such authority shall be made having full power and resources. The necessary arrangement shall be made to harmonize the provision of other treaty and convention and other laws for the implementation of said treaty while doing so, and the assignment of responsibility shall be arranged by making capacity building of appropriate institution among the working institutions in concerned area while assigning the institutional framework and national competent authority or body.

5.3.3 One window system shall be adopted to regulate the various aspects envisioned in International Treaty on Plant Genetic Resources for Food and Agriculture.

5.3.4 The necessary arrangements shall be made to take the maximum benefit of multilateral system under the Global Plan of Action and Interlaken Declaration for animal genetic material by enlisting animal genetic resources.

5.3.5 Collaborative actions shall be made to develop legislative procedures regarding the conditions and prior inform consent and benefit sharing that are accepted by both the parties for the access of genetic material and resources and the traditional knowledge.

5.3.6 Policy and laws shall be arranged in such a way that there shall be no adverse effect on farmers' right with the intellectual property rights.

5.4 The following policies shall be adopted to promote the balanced ecosystem and to contribute in minimization of global warming by conservation, development and utilization of agriculture biodiversity.

5.4.1 The special priority shall be given to the conservation of

agricultural biodiversity and eco-friendly development while assessing the effects of development projects.

5.4.2 The bio-safety protocol shall be developed and implemented while importing genetically modified organism for study, research, development and use. The seeds developed by using terminator technology shall be banned completely.

5.4.3 The identification, documentation, study/research, evaluation and mapping of the genetic material and resources capable of adopting climate change shall be done and such species and varieties shall be developed and conserved.

5.4.4 The study, research, supervision and conservation of pollinators and other helpful ecosystem services shall be made for the sustainable implementation of ecosystem and ecology involved in agriculture production system. Moreover, the production inputs shall be used that are friendly for pollinators, natural enemies and soil biota.

5.4.5 The emphasis shall be given on the use of insecticides that are safe for conservation of pollinators as well as other helpful insects, and their natural habitats, Integrated Pest Management and promotion of organic farming.

5.4.6 In the context of eroding/ endangering of genetic resources and their natural habitats due to inflated population, deforestation, urbanization and land degradation, scientific soil management technologies shall be promoted including the erosion control, conservation of forest and natural habitat in collaboration with concerned authorities.

5.4.7 To identify and control the invasive species, procedures shall be developed with the help of concerned authorities and required way shall be followed.

**6. The following revision is made inserting Schedule 2 of Original Policy with following amendment on the Implementation and Monitoring of Original Policy contain in Clause 6.**

**Implementation, Coordination and Monitoring**

6.1 Participatory system shall be promoted by ensuring the involvement of concerned stakeholders in the planning, monitoring and evaluation of agricultural biodiversity from local level to central level.

6.2 There shall be the National Agricultural Biodiversity Conservation Committee in national level for the implementation, coordination and monitoring of above mentioned policies. The formation of committee shall be as follows:

| | |
|---|---|
| Secretary, Ministry of Agricultural Development | Chairperson |
| Joint Secretary (Agriculture), National Planning Commission | Member |
| Joint Secretary (Environment), Ministry of Forest and Soil Conservation | Member |
| Joint Secretary (Environment), Ministry of Science, Technology and Environment | Member |
| Joint Secretary (Environment), Ministry of Industry | Member |
| Joint Secretary (Environment), Ministry of Federal Affairs and Local Development | Member |
| Executive Director, Nepal Agricultural Research Council | Member |
| Director General, Department of Agriculture | Member |
| Director General, Department of Livestock Services | Member |
| Director General, Department of Food Technology and Quality Control | Member |
| Director General, Department of Plant Resource, Ministry of Forest and Soil Conservation | Member |
| Director General, Department of Environment, Ministry of Science, Technology and Environment | Member |
| Chief, National Agriculture Genetic Resources Centre | Member |
| Expert Representative, Agriculture and Forestry University | Member |
| Expert Representative, Institute of Agriculture and Animal Science, Tribhuvan University | Member |
| Member Secretary, National Seed Board | Member |
| Representative, Non Governmental Organization having Involved in Agriculture Biodiversity Conservation* | Member |
| Representative, Farmer Organization (Female 1, male 1) involving in Agro Biodiversity Conservation | Member |

** Nominated by Committee*

| | |
|---|---|
| Joint Secretary, Food Security and Environment Division,* Ministry of Agricultural Development | Member Secretary |

*Concerned person or representative of organizations may be invited in the meeting of committee as per necessity.*

6.3 Above mentioned committee shall coordinate and cooperate with National Biodiversity Coordination Committee including other concerned authorities. Local units shall be appointed at Nepal Agriculture Research Council, Department of Agriculture and Department of Livestock Services in order to conduct and coordinate the programs relating to agriculture biodiversity.

6.4 The committee itself shall describe the working procedure and meeting modalities.

6.5 The following Agro Biodiversity Technical Advisory Sub Committee shall be formed to provide required technical assistance to the National Agriculture Biodiversity Conservation Committee:

| | |
|---|---|
| Joint Secretary, Food Security and Environment Division,* Ministry of Agricultural Development | Chairperson |
| Chief, Agriculture Biodiversity Section, Ministry of Agricultural Development | Member |
| Chief, Agriculture Biodiversity Section, Ministry of Forest and Soil Conservation | Member |
| Chief, Agriculture Biodiversity Contact Authority, Department of Agriculture | Member |
| Chief, Agriculture Biodiversity Contact Authority, Department of Livestock Services | Member |
| Nominated Individual (3 Individuals) on the basis of expertise[1] | Member |
| Chief, National Agriculture Genetic Resources Centre | Member Secretary |

7. Clause 7 is inserted in Original Policy.

7.1 Necessary Act, Rule and Directives/Procedure shall be framed for the implementation and monitoring of this Policy and necessary institutional arrangement shall be done.

7.2 Schedule 2 has been repealed.

---

** Currently: Food Security, Agribusiness Promotion and Environment Division*

*[1] The tenure of the nominated members shall be two years from the date of nomination*

** Currently: Food Security, Agribusiness Promotion and Environment Division*

**Scope of work of Agriculture Biodiversity (Relating to Part E of Clause 2)*. The following amendment and revision are made regarding Schedule - 1.**

**(a) Agriculture Genetic resources**

- Plant genetic resources (forages and pasture species including tree species that are integral part of production system)
- Livestock genetic resources
- Fisheries genetic resources
- Insect genetic resources
- Micro-organism genetic resources
- Wild relatives of cultivated and domesticated livestock species

**(b) Ecosystem services associated with agricultural production system and living organism providing such services**

- Nutrient cycle
- Decomposition
- Soil health
- Pest and disease regulation
- Pollination
- Habitat conservation management
- Water cycle conservation
- Carbon sequestration
- Soil erosion control
- Climate regulation
- Others

**(c) Non-living factors affecting Agro biodiversity.**

**(d) Social, economical and cultural factors**

- Traditional and local knowledge, cultural factors and inclusive processes.
- Agro eco-tourism and other socio-economic aspects.

---

** Based on CBD, 1992 Conference of the Parties, resolution No. V/5*